Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

## कपिलबस्त जिल्लाको महाराजगंज नगरपालिका २ पिपरी गाउँमा किशोरी पुजा कोरीको जलेर मृत्यु भएका भनिएका घटना प्रति गम्भीर ध्यानाकर्षण

मिति २०७८ पुष ८ गत तदनुसार २३ डिसेम्बर २०२१ का दिन कपिलवस्त जिल्ला, महाराजगंज २ पिपरी गाउँमा बस्न राम बहादुर कोरी का छोरी बष १९ कि किशोरी पुजा कोरीका पेट्रोलल आगो लगाई जलेर मृत्य भएका घटना र उक्त घटना र घटना सँग सम्बन्धित भएर गरिएका कानुनी प्रकृया प्रति महिला पुर्नस्थापना केन्द (ओरेक) र महिला मानवअधिकार रक्षकहरुका संजालका गम्भीर ध्यानाकर्षण भएका छ ।

ओरेक, महिला मानव अधिकार रक्षक संजाल, कपिलवस्त र मधेश मानव अधिकार गृहल संयुक्त रुपमा गरेका घटनाका स्थलगत अध्ययनबाट उक्त घटना आत्महत्या नभइ हत्या हा भन्न शंका उब्जिएका छ । मृतक किशोरीका बुबा, आमा र छिमेकीका बयान अनुसार किशोरीका मृत्य हुन अगावै पनी परिवारका सदस्यहरुल क्रुर, अमानवीय एंव हिस्रक तरिकाल यातना दिएका देखिन्छ । सोही यातना र हिंसाको निरन्तरता स्वरुप न किशोरीका हत्या भएका हुन सक्दछ भन्न परिवारका सदस्यहरुल बताएका छन । त्यसैगरि अनुसन्धानका सिलसिलामा प्रहरी प्रशासनबाट प्रारम्भिक चरणमा गरिन लाश जाँच मुचुल्का, पोस्टमार्टम बाहेकका सम्बन्धित व्यक्तिलाइ बुझ्ने, घटनाका सुक्ष्म रुपमा गरिन पन अनुसन्धान गरिएका पाइएका छैन । अनुसन्धानका प्रकृया बार सम्बन्धित सरोकारवालाहरुबाट किशोरीका परिवारलाइ जानकारी समेत दिएका पाइएन ।

घटनालाइ आत्महत्या भनिएता पनि किशोरीका बुवा र गाउँलेहरुल या आत्महत्या नभइ हत्या गरिएका बताउनुभएका छ । मृतक किशोरी गाउँमा किशोरी संजाल गठन हुँदा किशोरी समुहको सदस्यका रुपमा समुह छलफलमा सहभागि हुन गर्थिन । तर कक्षा १० सम्म पढेपछि परिवारका आर्थिक अवस्था एकदमै कमजोर भएका कारण जति छिटा बिवाह गर कम दाइजो दिनुपन र समुदायमा छिटा बिवाह गन परम्परा भएका कारण उनका १९ बर्षका उमेरमा न बिवाह भएका थियो । बिवाह गरेका ७ महिनाम उनको मृत्य भएका खबरल परिवार र गाउँबासी सब दुखी भएका छन । त्यसैगरि स्थानीय बासि हरुका अनुसार सोहि गाउँमा एक बष भित्रमा दुई जना किशोरीहरुका मृत्य शंकाष्पद देखिएपनि आत्महत्या भनेर प्रमाणि गरिएका र पीडित / प्रभावितका परिवारलाइ कानुनी प्रक्रिया बार जानकारी नहुने, गरिबीका कारण खच बढि लाग्छ भन्न सोच, न्यायिक निकायबाट सहयोग नहुनु, प्रहरीकोमा धाइराख्न पन झन्झट जस्ता समस्याल उजुरी नदिन अभ्यास रहेका पाइएका छ ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

उक्त घटनाले मानवअधिकारको विश्वव्यापी घोषणा पत्र, नेपाल पक्ष राष्ट्र भएका बिभिन्न सन्धि, अभिसन्धि तथा महासन्धिहरुले लै सुनिश्चित गरेको व्यक्तिको बाँच्न पाउने हकको हनन गरेको छ भने नेपालको संबिधानको धारा १६ को उपधारा (१) को प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाँउने हक, धारा २९ को शोषण विरुद्धको हक, धारा ३८(३) को महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने प्रावधान लगायतका बिभिन्न अधिकारको उल्लंघन गरेको छ ।

महिला तथा किशोरीमाथि हुने हिंसा जघन्य अपराध हो भने यसलाई संरचनागत विभेदको परिणामको रुपमा बुझ्न अत्यन्त जरुरी छ । बिभेद र हिंसा गर्न छुट दिने मान्यताहरु स्थापित गर्ने जस्तै सानै उमेरमा बिबाह गर्नुपर्ने, दाइजो लिएर जानुपर्ने, कथित चरित्रवान साबित गर्न हिंसा चुपचाप सहन पर्नेअरुको इच्छा अनुसार बाँच्नुपर्ने, आफ्नो यौनिकता र गतिशिलतालाइ कुण्ठीत गर्नुपर्ने आदि र न्यायिक पकृयामा पहुँच हुन नदिनु, प्रकृयामा जाँदा परिवार र समाजले स्वीकार नगर्नु, प्रभावित केन्द्रित प्रणालिलाई अबलम्बन नगरिनु र महिला तथा किशोरीको मुद्धामा समाज तथा सरोकारवालाहरु संवेदनशिल नहुनु जस्ता स्थापित र स्वीकृत मान्यताहरु संरचनात्मक बिभेद झल्काउने केहि उदाहरणहरु हुन ।

यस्ता बिभेद र हिंसाले गर्दा महिला तथा किशोरीहरू निजी तथा सार्वजनिक स्थानमा स्वतन्त्र र मर्यादित जीवनयापन गर्न पाउने अधिकारबाट वञ्चित भएका छन्, भने हजारौँले ज्यान सम्म गुमाउनुपरेको अवस्था छ । त्यसैगरि पीडित / प्रभावितले न्याय नपाउँदा दण्डहिनताको अवस्था सृजना भइ पीडकहरुको मनोबल बढ्ने र हिंसाजन्य घटनाहरुले निरन्तरता पाएको देखिन्छ । यी सबै विभेदको अन्त्यको लागि राज्यको हरेक संरचनामा विद्यमान पित्तृसत्तात्मक सोच र सोही सोचबाट सिर्जित हानिकारक मूल्य मान्यताको अन्त्य भई महिला तथा किशोरीहरुको आफ्नो शरिरमाथिको निर्णय र गतिशिलताको अधिकार सुनिश्चित हुन जरुरी छ ।

ओरेकले विगत ३० बर्ष देखि महिला तथा किशोरी माथि हुने हिंसा विरुद्धको अभियान संचालन गर्दै महिला माथि हुने हिंसाको सवाल मानव अधिकार हननको सवाल हो भन्ने मान्यतालाई स्थापित गर्न निरन्तर अभियानरत छ । त्यसैगरि महिला मानवअधिकार रक्षकहरुको संजालले देशब्ययापी रुपमा महिला तथा किशोरी माथि हुने हिंसा बिरुद्धको अभियान संचालन गरिरहेको छ । यस सन्दर्भमा यस्तो गम्भीर प्रकृतिको जघन्य अपराधको घटनामाथि सुक्ष्म छानविन नभएको तथ्य संस्थाले गरेको स्थलगत अनुगमनबाट देखिएकाले यसप्रति संस्थाको ध्यानाकर्षण भएको छ । सोही कारणले मृतक किशोरीको मृत्यु हुनुको सत्य, तथ्य कारण पत्ता लगाई, निष्पक्ष छानविन गरी पिडकलाइ कानुनी दायरामा ल्याइ पीडित / प्रभावित र परिवारको न्याय सुनिश्चितताको लागि ओरेक र महिला मानव अधिकार र रक्षाक संजाल निम्न मागहरु राख्दछ ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

**हाम्रा मागहरु**

- उपरोक्त घटनाबाट किशोरीका सम्मानपूर्वक बाँच्न पाउन अधिकारका ठाडो उल्लंघन भएका र किशोरीका मृत्य समेत भइसकेकोल सम्बन्धित निकायल घटनाका सूक्ष्म अध्ययन गरी अभियुक्तहरुलाई कानूनका दायरामा ल्याइ कडाभन्दा कडा कारवाही गरियोस ।
- प्रभावित केन्द्रित प्रणाली र मानव अधिकारका अबधारणालाइ अवलम्बन गरि घटनाका निष्पक्ष अनुसन्धान गरियोस ।
- सम्बन्धित निकायल अनुसन्धान प्रकृयामा देखाएका उदासिनता र लापरवाहीका पनि अध्ययन गरि आवश्यक कारवाही गरियोस ।
- त्यसैगरि राज्य पक्षल नागरिकका न्यायिक उपचारका हकलाई सुनिश्चित गन मृतकका परिवारलाइ कानुनी प्रकृयामा अगाडि बढन सहयोग गद उनीहरुका सुरक्षाका सुनिश्चितता गरियोस ।
- पितृसत्तात्मक संरचनामा आधारित हानिकारक परम्परागत अभ्यासल गर्दा हजारौं महिला तथा किशोरीहरुल लैंगिक विभेद र हिसाबाट गुज्रिई ज्यान समेत गुमाउनुपरेका अवस्थामा सरकार पक्षबाट लैंगिक समानता र सामाजिक न्याय सुनिश्चित गन बिभिन्न अभियानहरु संचालन गरियोस ।
- सुरक्षा निकायबाट महिला तथा किशोरीमाथि हुन हिंसालाई राज्यका सुरक्षाका सवाल र जघन्य अपराधका रुपमा महसुस गरि सोहि गम्भीर्यताका आधारमा कानुनी प्रकृया अगाडि बढाइयोस ।
- प्रभावितका परिवारल घटनाका अनुसन्धानका अवस्थाका बारेमा सम्बन्धित सरोकारवालाहरुसंग बुझबुझारथ गदा घटनाका गाम्भीर्यतालाई हेरी सहज र संवेदनशील भई जवाफ दिन बाताबरण निर्माण गरियोस ।

लुभराज न्यौपान
कार्यकारी निर्देशक
महिला पुर्नस्थापना केन्द (ओरेक)

संगिता सुनार (जि.आर)
लुम्बिनी प्रदेश संयोजक
महिला मानव अधिकार रक्षकहरुका संजाल